धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७४

अनुसूची २

( दफा ४ तथा अनुसूची- १ को भाग – १ सँग सम्बन्धित)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

धवलागिरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ०५ मितिः २०८१/०८/२१

भाग २

धवलागिरी गाउँपालिका

गाउँ कार्यपालिकाको स्वीकृतिबाट जारी

# धवलागिरी गाउँपालिकाको अध्यक्षसँग दिर्घरोगी कार्यक्रम कार्यान्वयन कार्यविधिः २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०८/२१

राजपत्रमा प्रकाशित मितिः २०८१/०९/२६

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

# अध्यक्षसँग दिर्घरोगी कार्यक्रम कार्यान्वयन कार्यविधिः २०८१

सामान्यतया स्वास्थ्य भन्नाले निरोगी र रोगमुक्त अवस्था भन्ने बुझिन्छ तर विश्व स्वास्थ्य संगठनको परिभाषा अनुसार रोग र दुर्वलताबाट मुक्त हुनु मात्र नभई शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक तवरमा पनि तन्दुरुस्त रहि उत्पादनशिल जीवन बिताउनुलाई स्वास्थ्य भनिन्छ। स्वास्थ्य विकासको एउटा पूर्वाधार हो र यो समाजका अन्य आयामहरुसंग प्रत्यक्ष सम्बन्धित विषय पनि हो। अहिले नेपालीहरुको औषत आयू लगभग ७२ वर्ष रहेको छ। तर औषत आयू ७२ वर्ष भएतापनि असुरक्षित र अव्यवस्थित खानपान, रासायनिक मल, विशादीयूक्त अन्न फलफूल तथा तरकारीको प्रयोग, पत्तु खानाको उपयोग, बिलासी जिवनशैली र शारीरिक निस्क्रियता जस्ता कुराहरुले गर्दा समाजका कयौं ब्यक्तिहरु नसर्ने रोग (उच्च रक्तचाप, मधुमेह, क्यान्सर, दम, थाइराइड आदि) को सिकार भएर लामो समय सम्म औषधिको सहारामा बाँच्नुपर्ने अवस्था सृजना भैरहेको छ र अझै बढ्दै गैरहेको छ। बैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक परिस्थिति र स्वास्थ्य स्क्रिनिङ प्रतिको कम चासोका कारण कयौं व्यक्तिहरुलाई स्वास्थ्य संस्थासम्म पुग्नु र स्वास्थ्य सेवाको उपयोग गर्नु चुनौतीपूर्ण कार्य हुँदै आएको छ। अर्का तर्फ नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवा पाउनु नागरिकको मौलिक हकको रुपमा ब्याख्या गरेको र आधारभुत स्वास्थ्य सेवा स्थानीय तहको जिम्मेवारीको विषय भएको कारणले दिर्घरोगी व्यक्तिहरु र नसर्ने रोगको जोखिममा रहेका ब्यक्तिहरुसम्म स्वास्थ्य सेवाको पहुँच पुर्याउन र जनतालाई स्थानीय सरकारको प्रत्याभुती दिलाउने हेतुले अध्यक्षसँग दिर्घरोगी कार्यक्रम तय गरी सो कार्यक्रम संचालनका लागी गाउँकार्यपालिकाले यो कार्यविधि तयार गरि लागु गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त ना र प्रारम्भ

(क) यो कार्यविधिको नामः अध्यक्षसँग दिर्घरोगी कार्यक्रम संचालन कार्यविधि २०८१ रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागु हुने छ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) कार्यक्रम भन्नाले दिर्घरोगीसंग अध्यक्ष कार्यक्रम अन्तर्गत नसर्ने रोगको स्क्रिनिङ शिविर र दिर्घरोगी औषधी खरिद कार्यक्रम सम्झनु पर्छ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

CamScanner

(ख) कार्यपालिका भन्नाले धवलागिरी गाउँ कार्यपालिका, कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) अध्यक्ष भन्नाले धवलागिरी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

(घ) उपाध्यक्ष भन्नाले धवलागिरी गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले धवलागिरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(च) लक्षित वर्ग भन्नाले गाउँपालिका भित्रका ४० वर्ष माथिका सबै लाईसम्झनु पर्दछ।

(छ) गाउँपालिका भन्नाले धवलागिरी गाउँपालिकालाई सम्झनु पर्दछ।

(ज) दिर्घरोगी भन्नाले उच्च रक्तचाप, मधुमेह, क्यान्सर, दम, थाइराइड अल्जाइमर लाई सम्झनु पर्दछ।

## परिच्छेद २

कार्यक्रमको सहजिकरण: अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, डाक्टर, स्वास्थ्य शाखाका कर्मचारी , सम्बन्धित वडाका स्वास्थ्यकर्मी र सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुबाट सहजिकरण हुनेछ।

३.उदेश्य

३.१.नसर्ने रोगको जोखिममा रहेका ब्यक्ति र समुदायमा रोगको स्क्रिनिङ गरी रोग पत्ता लगाउनु।

३.२.रोगको दर, जटिलता र उक्त रोगबाट हुने मृत्यु दरमा कमी ल्याउनु ।

३.२.नसर्ने रोग सम्बन्धि स्वास्थ्य शिक्षा प्रदान गर्नु।

४. अपेक्षित उपलब्धी तथा प्रतिफल:

४.१.नसर्ने रोगको जोखिममा रहेका ब्यक्ति र समुदायमा रोगको स्क्रिनिङ गरी रोग पत्ता लगाइएको हुनेछ।

४.२.रोगको पूर्व पहिचान दरमा बृद्दी गरि जटिलता र उक्त रोगबाट हुने मृत्यु दरमा कमी आउने छ ।

४.३.नसर्ने रोग सम्बन्धि स्वास्थ्य शिक्षा प्रदान गरिएको हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

## परिच्छेद ३

### व्यवस्थापकिय पक्ष

**५.कार्यक्रम संचालन प्रक्रिया**

५.१ डाक्टर स्वास्थ्यकर्मीहरुको टिमबाट प्रत्येक वडामा नसर्ने रोग(मधुमेह,उच्च रक्तचाप,मृगौलाकालागि डिपस्टिक जाँच, महिलाहरुकालागि पाठेघरको मुखको क्यान्सर जाँच, गर्भवती महिलाहरुकालागि भिडियो एक्सरे सेवा र सकृय खोजपड्ताल कार्यक्रम संचालन हुनेछ। डाक्टर स्वास्थ्यकर्मी र अन्यलाई विहान ८ बजे देखी कार्यक्रम संचालन गर्नु पर्ने हुदा विहानको नास्ता ,खाना र खाजा दैनिक भ्रमण भत्ता खर्च अनुसार प्रदान गरिने छ।

५.२.समुदाय स्तरबाट व्यवस्थापन हुने रोगहरुको व्यवस्थापन गरी जटिलता समस्याकालागि रेफर गरिने।

५.३.सामान्य स्वास्थ्य जाँचगरी स्वास्थ्य शिक्षा प्रदान गरिने छ।

लावान्भित वर्गः यस धवलागिरि गाउँपालिकाको सात वटै वडा भित्र बसोबास गर्ने नसर्ने रोगको जोखिममा रहेका व्यक्तिहरु।

**६.कार्यक्रम कार्यान्वयन एवं अनुगमन समिति**

कार्यक्रम सञ्चालन सम्वन्धि कार्यविधि २०८१ अनुसार अध्यक्षसंग दिर्घरोगी संग कार्यक्रम अन्तर्गत नसर्ने रोगको स्क्रिनिङ्ग कार्यक्रम संचालन गर्नको लागि तपसिल बमोजिमको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समिति रहने व्यवस्था रहेको छ।

६.१ कार्यक्रम कार्यान्वयन समितिः

| | |
|---|---|
| संयोजक | आर्थिक विकास समिति संयोजक |
| सदस्य | महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख |
| सदस्य सचिव | स्वास्थ्य शाखा प्रमुख |

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

६.२. अनुगमनः

धवलागिरी गाउँपालिकाको अनुगमन तथा सुपरीवक्षण समितिको कार्यसञ्चालन कार्यविधी २०८१ बमोजिम कार्यक्रमको अनुगमन हुनेछ। जससमा पालिकास्तरीय र वडास्तरीय अनुगमनको प्रतिवेदन पेश गर्नुपर्नेछ।

७. रकम भुक्तानी प्रक्रियाः

कार्यक्रम सम्पन्न भईसकेपश्चात भुक्तानिको लागि प्रचलित कानुन अनुसार खाना ,खाजा र डाक्टर, स्वास्थ्यकर्मी, स्वयंसेवक, अनुगमन, कार्यक्रमको आवस्यक सामाग्री र औषधिको बिलका आधारमा मात्र भुक्तानि दिईने छ।

८. गुनासो व्यवस्थापनः

कार्यक्रमको सम्बन्धमा कुनै गुनासो प्राप्त भएमा सम्वन्धित कार्यालयमा निवेदन दिन सकिने छ। उक्त गुनासोको सम्वोधन कार्यालय प्रमुख, स्वास्थ्य शाखा प्रमुख एवं कार्यक्रम कार्यान्वयन समितिबाट हुनेछ।

माथि जुनसुकै कुरा लेखिएको भएता पनि अन्य कुरा कार्यक्रम कार्यान्वयन समिति र कार्यपालिकाको निर्णय बमोजिम हुने छ।

आज्ञाले
मोति प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष